(प्रथम पटक बलाष्ट राष्ट्रिय दैनिकमा प्रकाशित मिति २०७३/१०/२५)

# सवारी साधन (हाईड्रोलिक टिपर) खरिद गर्ने बोलपत्र आह्वान सम्बन्धी सूचना

रामधुनी-भासि नगरपालिका कार्यालयलाई बोलपत्र फाराम साथ संलग्न स्पेशिफिकेशन बमोजिमको १ (एक) थान सवारी साधन (हाईड्रोलिक टिपर) खरिद गर्नु पर्ने भएकोले स्थायी लेखानम्बर, मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्र र अन्य आवश्यक कागजातहरु संलग्न राखी नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको आधिकारिक फर्म, कम्पनी, डिलर वाआपूर्ति कर्ताबाट तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वक गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिएको छ।

## शर्तहरु

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्र दाताले बोलपत्र दस्तुर वापत रु. १०००।- (फिर्ता नहुने गरी) कार्यालयको राजस्व शाखामा बुझाई सूचना प्रकासित भएको मिति ले ३० दिन भित्र बोलपत्र खरिद गर्न सकिनेछ।

२. खरिद भएको बोलपत्र प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३१ (एकतिसौं) दिनको १२.०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी, कामको विवरण, बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई, फर्मको छाप लगाई शिलबन्दी छाप गरी नगरपालिका कार्यालयमा दर्ता गराउनु पर्नेछ तथा योग्यतापुगेका टेण्डर दाताहरु ई विडिङ्ग मार्फत www.bolpatra.gov.np मा पनि बुझाउनु सकिनेछ र वेभ साईट मार्फत बुझाएको टेण्डरदातले धरौटी रकम बुझएको बैक भौचर स्कानगरि PDF फरमेटमा बोलपत्र संगै पठाउनु पर्नेछ।

३. दर्ता भएको तथा ई विडिङ्ग मार्फत प्राप्त भएको टेण्डर फारम ३१ औ दिनवाविदा परेमा सो को भोलि पल्ट दिनको १:०० बजे टेण्डर फारम दाता वा निजको प्रतिनिधि र कार्यालयको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। बोलफारम र टेण्डर फारम दाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि टेण्डर फारम खोल्न कुनै वाधा पर्ने छैन।

४. बोलपत्र फाराम साथ यस नगरपालिका कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, ईनरुवा शाखामा रहेको धरौटी खाता नं. २२२०३०३००३३५१ मा रु. ९०,०००।०० रुपैया नव्वेहजार मात्र जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको बिड वण्डको सक्कल प्रति पेश गर्नु पर्नेछ। बोलपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरिनेछ।

५ बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि कार्यालय खुल्ने पहिलो दिनमा उक्त कार्यहरु गरिनेछ।

६. प्राप्त भएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ।

७. छुट दिने कुरा बाहेक शर्त राखि पेश गरेको, रित नपुगेको, म्याद नाघी आएको बोलपत्र फारामहरुलाई मान्यता दिइने छैन।

८. बोलपत्रमा दररेट अंक र अक्षरमा लेखिएको हुनुपर्छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएकोमा स्पष्टसंग दस्तखत भएको हुनपर्नेछ।

९. एक फर्मको नाउँमा खरिद गरिएको बोलपत्र अर्को फर्मको नाउँमा दाखिला गर्न पाइने छैन।

१०. यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम तथा नगरपालिकाको निर्णय अनुसार हुनेछ।

११. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र नगरपालिका कार्यालय जिन्सी शाखामा बुझ्न सकिनेछ।

प्रमोद कुमार चौधरी
कार्यकारी अधिकृत
रामधुनी भासि नगरपालिका

रामधुनी-भासि नगरपालिका कार्यालय
झुम्का, सुनसरी